# हरिनगर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ५ | संख्याः २ | मितिः २०७९/०४/०१


**भाग-१**

**हरिनगर गाउँपालिका**

## हरिनगर गाउँपालिका
## विनियोजन ऐन, २०७९

गाउँ सभाबाट स्वीकृत मिति २०७९/०३/०३
प्रमाणीकरण मिति २०७९/०३/०५

हरिनगर गाउँपालिका, सुनसरीको आर्थिक बर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना :** हरिनगर गाउँपालिका, सुनसरी २०७९/०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप धारा (२) बमोजिम हरिनगर गाउँपालिका, सुनसरीको गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**(१) यस ऐनको नाम "हरिनगर गाउँपालिका, सुनसरीको विनियोजन ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७९/०८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१) आर्थिक वर्ष २०७९/०८० को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाको रकम समेत गरी जम्मा रकम **५८,०१,०३,९००।००** (अक्षरेपी रुपैयाँ अन्ठाउन्न करोड एक लाख तिन हजार नौं सय मात्र ।) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजन :**(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९/०८० को निमित्त हरिनगर गाउँपालिका, सुनसरीको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तिय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तिय, व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृत लिनु पर्नेछ ।

अनुसूची-१

(ऐनको दफा २ सँग सम्बन्धित)

संचित कोषबाट विनियोजन हुने रकम

| शीर्षक | रकम |
|---|---|
| व्यय | ५८,०१,०३,९०० |
| चालु | ३४,६७,५५,००० |
| २११११ पारिश्रमिक कर्मचारी | १३,९६,२७,००० |
| २१११२ पारिश्रमिक पदाधिकारी | ६८,००,००० |
| २११२१ पोशाक | १४,६०,००० |
| २११२२ खाद्यान्न | ० |
| २११२३ औषधीउपचार खर्च | ५०,००० |
| २११३२ महंगी भत्ता | १७,८४,००० |
| २११३४ कर्मचारीको बैठक भत्ता | ५,६५,००० |
| २११३९ अन्य भत्ता | ३८,०७,००० |
| २११४१ पदाधिकारी बैठक भत्ता | २५,८४,००० |
| २१२१४ कर्मचारी कल्याण कोष | १०,००,००० |
| २१२१९ अन्य सामाजिक सुरक्षा खर्च | ५१,५६,००० |
| २२१११ पानी तथा बिजुली | ९,४५,००० |
| २२११२ संचार महसुल | २०,४६,००० |
| २२२११ इन्धन (पदाधिकारी) | २२,८०,००० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | ३३,९८,००० |
| २२२१३ सवारी साधन मर्मत खर्च | २२,३३,००० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ६,००,००० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ९,४५,००० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ४३,३६,००० |
| २२३१४ इन्धन - अन्य प्रयोजन | ५,३०,००० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १५,००,००० |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | २२,४०,००० |
| २२४११ सेवा र परामर्श खर्च | ४१,८०,००० |
| २२४१३ करार सेवा शुल्क | १,१९,८०,००० |
| २२४१४ सरसफाईसेवा शुल्क | ० |
| २२५११ कर्मचारी तालिम खर्च | १७,७०,००० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ३१,७४,३१२ |
| २२५२२ कार्यक्रम खर्च | ९,८७,३३,००० |
| २२५२९ विविध कार्यक्रम खर्च | ९५,००० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ८,९०,००० |
| २२६१२ भ्रमण खर्च | १६,२८,००० |
| २२६१९ अन्य भ्रमण खर्च | ५,००,००० |
| २२७११ विविध खर्च | ३४,०२,००० |
| २२७२१ सभा सञ्चालन खर्च | १०,००,००० |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | १५,००,००० |
| २६३३२ सशर्त अनुदान (चालु) | ० |
| २७११२ अन्य सामाजिक सुरक्षा | २,३२,६६,००० |
| २७२११ छात्रवृत्ति | २५,९१,००० |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | ० |

| | |
|---|---|
| २७२१३ औषधीखरिद खर्च | ५२,३५,००० |
| २७२१९ अन्य सामाजिक सहायता | १,३२,००० |
| २७३१४ सेवा निवृत्तको औषधी उपचार | १,००,००० |
| २८१४२ घरभाडा | १५,००,००० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | १०,००,००० |
| २८२१९ अन्य फिर्ता | ० |
| २८९११ भैपरी आउने चालु खर्च | १,९२,६८८ |
| पूंजीगत | २३,३३,४८,९०० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | ० |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ४९,००,००० |
| ३११२१ सवारी साधन | १७,१५,००० |
| ३११२२ मेशिनरी तथा औजार | ३०,३०,७३२ |
| ३११२३ फर्निचर तथा फिक्चर्स | १३,७५,००० |
| ३११३१ पशुधन तथा बागवानी विकास खर्च | ० |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | ० |
| ३११३५ पूँजीगत परामर्श खर्च | ५०,००,००० |
| ३११४१ सुरक्षा प्रणाली तथा उपकरण प्राप्ति खर्च | ० |
| ३११५१ सडक तथा पूल निर्माण | १२,८२,०५,००० |
| ३११५३ विद्युत संरचना निर्माण | ३४,५०,००० |
| ३११५५ सिंचाई संरचना निर्माण | ० |
| ३११५७ वन तथा वातावरण संरक्षण | १,५०,००० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | ८,४६,२३,१६८ |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ९,००,००० |
| बजेट बचत (+)/न्यून | (४,००,००,०००) |
| गत वर्षको नगद मौज्दात | ४,००,००,००० |

आज्ञाले,
नाम: तुलराज थापा मगर
प्रमुख प्रशासकीय अधिकृत